श्री

# सर्वोच्च अदालत

(आन्तरिक तथा जिल्ला प्रशासन शाखा)

सर्वोच्च अदालत काठमाडौं

पत्र संख्या
प्राप्त पत्र संख्या र मिति :
च.नं.: १५५१

रामशाहपथ, काठमाडौं
☎ ४२००७२९, ४२००७२८
फ्याक्स: ४२००७४९
पो.ब.नं.: २०४३८

Email: admin@supremecourt.gov.np
Website: www.supremecourt.gov.np

मिति २०७५/०८/२५

विषय : परिपत्र सम्बन्धमा।

श्री उच्च अदालत सबै ।
श्री इजलास सबै ।
श्री अस्थायी इजलास सबै ।
श्री जिल्ला अदालत सबै ।

उपर्युक्त विषयमा मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा २८७ मा व्यवस्था भएबमोजिम अदालती कार्यविधिका सम्बन्धमा कुनै बाधा अड्चन परेमा आवश्यक निकासा दिनको लागि यस अदालतमा गठन भएको बाधा अड्काउ फुकाउने संयन्त्रमा विभिन्न अदालतहरुबाट लिखित रुपमा प्राप्त हुन आएका देहायका विषयहरुको सम्बन्धमा संघीय व्यवस्थापिकाबाट ऐन संशोधन भई आएमा वा यस अदालतबाट पछी कुनै व्याख्या भएमा वा सर्वोच्च अदालतबाट अर्को परिपत्र भएको अवस्थामा सोही बमोजिम गर्ने गरी प्रचलित कानूनको दायराभित्र रही सामान्य मार्गदर्शनको रुपमा लिई देहायबमोजिमका विषयमा देहाय बमोजिम गर्नुहुन उक्त संयन्त्रको मिति २०७५।०८।२० को निर्णयानुसार रअनुरोध गर्दछु।

| सि.नं. | अडबड परेको विषय | दिइएको निकासा |
|---|---|---|
| १ | दुनियावादी फौजदारी मुद्दामा मिलापत्र गर्दा बक्सौनी लिने नलिने स्पष्ट नभएको | मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को परिच्छेद १२ मा मिलापत्र बापत बक्सौनी लिने सम्बन्धमा उल्लेख नभएको हुँदा दुनियावादी फौजदारी मुद्दामा मिलापत्र गर्दा बक्सौनी लिनु नपर्ने। |
| २ | कित्ताकाट/दर्ता फारी मुद्दामा बिगो अनुसारको शुल्क लिने नलिने द्विविधा भएको। | मुलुकी देवानी कार्यविधि (संहिता) ऐन २०७४ को दफा ७०(१) बमोजिम कित्ताकाट/दर्ता फारी मुद्दा दर्ता गर्दा एकमुष्ट रु. ५००।– अदालती शुल्क लाग्ने। |
| ३ | पुनरावेदनको सुविधा सम्बन्धमा साबिक मुलुकी ऐन, २०२० को १९४ नं. को देहाय (३) मा | सुरुमा थुनछेक आदेश हुँदा धरौट वा जमानत राखी तारेखमा रहेको तर फैसला हुँदा सोभन्दा बढी |

रामशाहपथ, काठमाडौं
☎ ४२००७२९, ४२००७२८
फ्याक्स: ४२००७४९
पो.ब.नं.: २०४३८

Email: admin@supremecourt.gov.np
Website: www.supremecourt.gov.np

पत्र संख्या
प्राप्त पत्र संख्या र मिति :
च.नं.: १५२१

सर्वोच्च अदालत काठमाडौं

| | | |
|---|---|---|
| | स्पष्ट व्यवस्था रहेको तर हाल पुनरावेदन सुन्ने अदालतमा धरौट वा जमानत दिई पुनरावेदन गर्न सक्ने भनिएको तर कति लिने स्पष्ट नभएको। (फौजदारी कार्यविधि संहिता दफा १३७(४) | दायित्व बहन गर्ने गरी फैसला भएमा सो दायित्वलाई खाम्ने गरी धरौटी लिनु पर्ने र थुनछेक आदेश हुँदा धरौटी वा जमानत राख्न नपर्ने गरी साधारण तारिखमा छुटेको र पछि फैसला हुँदा कसूरदार ठहर भएको अवस्था भएमा फैसलाले लागेको कैदको हकमा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा ७२ समेतलाई आधार लिई धरौट लिई पुनरावेदन दर्ता गर्ने। |
| ४ | सम्बन्ध विच्छेदको निवेदनमा एकमुष्ठ अदालती शुल्क लिएपछि फिराद दस्तुर लिने वा नलिने ? | मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४ मा अदालती शुल्क र फिराद दस्तुर सम्बन्धमा छुट्टाछुट्टै व्यवस्था भएको देखिंदा अदालती शुल्क र फिराद दस्तुर दुवै लिनुपर्ने। |
| ५ | अंशसहित सम्बन्ध विच्छेद मुद्दा दर्ता गर्दा सम्बन्ध विच्छेदतर्फ रु. ५००।–, अंशतर्फ १००० र फिराद दस्तुर २०० लिने हो वा के गर्ने हो द्विविधा भएको। | कानूनबमोजिम लाग्ने शुल्क र दस्तुर प्रष्ट किटानी गरेको कुरामा कानूनबमोजिम अदालती शुल्क र दस्तुर दुवै लिनुपर्ने। |
| ६ | अंशसहित सम्बन्ध विच्छेदको मुद्दामा दुवै दाबीतर्फ शुल्क लिने नलिने द्विविधा रहेको | कानूनमा स्पष्ट लेखिएको कुरामा अदालती शुल्क र फिराद दस्तुर दुवै लिने। |
| ७ | साबिकको कोर्ट फी ऐनले अदालती दस्तुर बुझाएमा फिराद दस्तुर नलाग्ने गरेकोमा हालको व्यवस्थाबमोजिम अदालती दस्तुर र फिराद दस्तुर दुवै लिने नलिने? | मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४ मा अदालती शुल्क र फिराद दस्तुर सम्बन्धमा छुट्टाछुट्टै उल्लेख भएको देखिँदा अदालती शुल्क र फिराद दस्तुर दुवै लिनुपर्ने। |
| ८ | अदालती शुल्क र पुनरावेदन शुल्क लाग्नेमा फिराद/पुनरावेदन दस्तुर लाग्ने हो? होइन? | कानूनमा स्पष्ट उल्लेख भएको अवस्थामा छुट नहुने। |
| ९ | चेक अनादर मुद्दामा दस्तुर मात्र लिने वा बिगोबमोजिम अदालती शुल्क समेत लिने? | • मुलुकी देवानी (संहिता) ऐन, २०७४ को दफा ४८८ को दाबी लिएकोमा कानूनबमोजिम अदालती शुल्क र फिराद दस्तुर लिने।<br>• चेक अनादर मुद्दा बैंकिङ कसूरसम्बन्धी ऐन, २०७३ को दफा १८ बमोजिमको दाबी लिएको |

रामशाहपथ, काठमाडौं
४२००७२९, ४२००७२८
फ्याक्स: ४२००७४९
पो.ब.नं.: २०४३८
Email: admin@supremecourt.gov.np
Website: www.supremecourt.gov.np

पत्र संख्या
प्राप्त पत्र संख्या र मिति :
च.नं.: १५२१

सर्वोच्च अदालत काठमाडौं

| | | |
|---|---|---|
| | | अवस्थामा अदालती शुल्क नलाग्ने।<br>• विनिमेय अधिकारपत्र ऐन, २०३४ बमोजिम दाबी लिएको अवस्थामा फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ९० बमोजिम हुने। |
| १० | लुटपिट कुटपिट र गाली बेइज्जत मुद्दामा फौजदारी कार्यविधि तोकी देवानी कार्यविधिबमोजिम फिराद दस्तुर तोकिएको। | फिराद दस्तुरको सम्बन्धमा फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ९० बमोजिम हुने। |
| ११ | पुनरावेदन गर्दा पुनरावेदन दस्तुर रु ३००।- र थप १५ प्रतिशतले शुल्क लाग्ने गरी दोहोरो शुल्क लाग्ने अवस्था रहेको। | देवानी कार्यविधि संहिताको दफा ७३(१) बमोजिम पुनरावेदन गर्दा लाग्ने अदालती शुल्कको थप १५ प्रतिशतका दरले अदालती शुल्क लाग्ने र दफा २०८(३) बमोजिम पुनरावेदन दस्तुर रु ३००।– लाग्ने उल्लेख भएको। यसरी ऐनमा नै प्रष्ट किटानी गरेको कुरामा दुवै शुल्क लाग्ने। |
| १२ | मुद्दा दोहोऱ्याई पाउँ निवेदनको दस्तुर बारे नबोलिएको | सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ६४(१) र (५) बमोजिम अनुसूची ३ को सि.नं. ४ मा दोहोऱ्याई पाउँ निवेदन दर्ता गर्दा रु १००।– लाग्ने उल्लेख भएको देखिँदा सोहीबमोजिम दस्तुर लिनु पर्ने। |
| १३ | फाँटवारी खुलाई अंशमुद्दामा दाबी लिएकोमा प्रतिवादीका नामको सम्पत्ति रोक्का राख्दा अदालती शुल्क लिने गरिएको छ। रोक्का राख्नुपूर्व अदालती शुल्क लिने वा त्यस्तो शुल्क नलिई पनि रोक्का राख्न सकिने हो द्विविधा रहेको छ। | कानूनबमोजिमको अदालती शुल्क छुट नहुने तर जग्गा रोक्का राख्ने कुरा फरक विषय भएकाले जग्गा रोक्का राख्दा नै अदालती शुल्क दाखिल गर्न आवश्यक छैन। नपुग अदालती शुल्क जुनसुकै समयमा लिन सकिने हुँदा तत्काल शुल्क नलिई पनि जग्गा रोक्का राख्न सकिने। |
| १४ | बयानको ढाँचा नतोकिएको/ | बयानको ढाँचा तोकिएको नदेखिँदा फौजदारी कार्यविधि नियमावलीको अनुसूचीमा थप गरी संशोधन गर्ने गरी मिति २०७५/०८/०५ को पूर्ण बैठकबाट निर्णय भई राजपत्रमा प्रकाशन गर्न |

# सर्वोच्च अदालत

(आन्तरिक तथा जिल्ला प्रशासन शाखा)

पत्र संख्या
प्राप्त पत्र संख्या र मिति :
च.नं.: १५२१

सर्वोच्च अदालत काठमाडौं

रामशाहपथ, काठमाडौं
४२००७२९, ४२००७२८
फ्याक्स: ४२००७४९
पो.ब.नं.: २०४३८

Email: admin@supremecourt.gov.np
Website: www.supremecourt.gov.np


| | | |
|---|---|---|
| | | पठाइएको । |
| १५ | वादी दाबीलाई मिलान हुने गरी प्रतिउत्तर परे पनि सम्बन्ध विच्छेद मुद्दामा १ वर्ष पर्खन पर्ने नपर्ने | कानूनबमोजिम गर्ने। |
| १६ | देवानी संहिताको दफा ९३ र ९६ बमोजिमको विवाद संयुक्त निवेदनको रुपमा लिने वा मुद्दाको रुपमा लिने। | मुलुकी देवानी (संहिता) ऐन २०७४ को २(घ) मा उजुरी भन्नाले फिरादलाई पनि जनाउने देखिँदा देवानी संहिताको दफा ९३ र ९६ बमोजिम दिइने सम्बन्ध विच्छेदको निवेदनलाई मुद्दाकै रुपमा लिनुपर्ने। |
| १७ | सम्पत्तिको फाँटवारी माग गर्दा कति दिनको म्याद तोक्ने? | मुद्दाको प्रकृति, विषय, दुरी लगायतका विषयलाई मध्यनजर गरी सम्बन्धित इजलासले आवश्यकतानुसार सातदेखि बढीमा २१ दिनसम्मको म्याद तोक्न सक्ने। |
| १८ | नेपाली नागरिक महिला र विदेशी पुरुषबीच विदेशको कानूनबमोजिम सम्बन्ध विच्छेद भएपछि त्यस्तो महिलाले आमा, बाबु, दाजु, भाइ विपक्षी बनाई अंश मुद्दा दायर गरेमा हकदैया कायम हुने नहुने द्विविधा परेको। | कानूनबमोजिम गर्ने। |
| १९ | अंश मुद्दामा शुरुमै फाँटवारी पेस गर्दा सोको अदालती शुल्क लिएर दर्ता गर्ने वा शुल्क बुझाउन नसके समयावधि तोकी तारेख दिने भन्नेमा द्विविधा। | यस सम्बन्धमा देवानी कार्यविधि (संहिता) ऐन २०७४ को दफा ६५ बमोजिम हुनेमा बाहेक अदालती शुल्क हुनेमा बाहेक दाखिल गरे दाखिला गराउने। |
| २० | अंश मुद्दामा फाँटवारी दिन नसकेको अवस्थामा मात्र तामेली राख्न सकिने तर देवानी संहिताको दफा १४१ बमोजिम प्रतिउत्तर नपर्दै वादीले तारेख गुजारेमा थाम्ने थमाउने अवधि समाप्त भएपछि फिराद दाबी डिसमिस गर्नु पर्ने व्यवस्था गरेको/ यो व्यवस्थाबाट अंश मुद्दामा | देवानी कार्यविधि (संहिता) ऐन २०७४ को दफा १४१(१) बमोजिम डिसमिस हुने। |

E:\.sudha admin\Letters\paripatra.doc

# सर्वोच्च अदालत

(आन्तरिक तथा जिल्ला प्रशासन शाखा)

रामशाहपथ, काठमाडौं
४२००७२९, ४२००७२८
फ्याक्स: ४२००७४९
पो.ब.नं.: २०४३८
Email: admin@supremecourt.gov.np
Website: www.supremecourt.gov.np

पत्र संख्या
प्राप्त पत्र संख्या र मिति :
च.नं.: १५२१

सर्वोच्च अदालत काठमाडौं

| | | |
|---|---|---|
| | पनि प्राङ्गन्याय सिद्धान्त लागू हुने। साबिकको अभ्यास अनुकूल नरहेको | |
| २१ | २०७५ भाद्र १ गतेभन्दा अगाडि दायर भएका मुद्दामा वादीले तारेख गुजारेमा के गर्ने। | केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन २०७४ को दफा ३९(२) को व्यवस्थाबमोजिम पुरानो ऐनले दिएको सुविधा उपभोग गर्न पाउने। |
| २२ | साबिकमा विदेशमा गएका व्यक्तिका हकमा संरक्षक हुने व्यवस्था भएकोमा हालको व्यवस्थाबमोजिम संरक्षकको अनुमति दिन मिल्ने नमिल्ने? संरक्षकको अनुमति दिने हो भने तारेखमा राख्ने वा छुट्टै संरक्षक नियुक्त गर्ने वा के गर्ने? | संरक्षकको सम्बन्धमा मुलुकी देवानी (संहिता) ऐन, २०७४ को परिच्छेद ६ मा स्पष्ट व्यवस्था रहेको देखिँदा सोहीबमोजिम गर्ने। विदेशमा गएका व्यक्तिको हकमा देवानी कार्यविधि संहिता ऐन, २०७४ को दफा २६७ बमोजिम विदेशमा गई फर्की आउने ठेगान नभएको अवस्थामा संरक्षकलाई अनुमति दिने। |
| २३ | कानून व्यवसायीलाई म्याद बुझाउँदा के कस्तो कार्यविधि अपनाउने हो? स्पष्ट नभएको। | म्याद तामेल सम्बन्धमा देवानी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १०५(२) र दफा १०६(१)(घ) मा उल्लेख भएकोले सोहीबमोजिम गर्ने। |
| २४ | अनुसन्धानको क्रममा अभियुक्त स्वयम् उपस्थित भए कुन कानूनी प्रक्रियाबाट प्रहरी नियन्त्रणमा राख्न सकिने? त्यस्तो व्यक्तिको हकमा जरुरी पक्राउपुर्जी वा पक्राउ पुर्जी जारी गर्नुपर्ने नपर्ने? स्पष्ट नभएको | आफैं हाजिर हुन आउनेलाई प्रहरी हिरासतमा राख्ने पुर्जी दिई म्यादभित्र अदालतमा उपस्थित गराउने। |
| २५ | संहिता लागू हुनुपूर्व दर्ता भएका मुद्दामा म्याद वा तारेख गुजारी थाम्ने थमाउने सुविधा उपभोग गरेको पक्षले देवानी कार्यविधि संहिताको दफा २२३ र २२५ बमोजिमको सुविधा लिई थाम्न थमाउन पाउने हो कि होइन? | संहिता लागु हुनुभन्दा पूर्व दर्ता भएका मुद्दामा पुरानै कानूनबमोजिम सुविधा पाउने । दोहोरो सुविधा लिन नपाउने। तर दफा २२५ बमोजिम विशेष व्यवस्था गरेको कुरामा पछिल्लो कानूनमा थप सुविधा छ भने सोबमोजिमको विशेष सुविधा पाउने। |

E:\.sudha admin\Letters\paripatra.doc

श्री

# सर्वोच्च अदालत

(आन्तरिक तथा जिल्ला प्रशासन शाखा)

रामशाहपथ, काठमाडौं
४२००७२९, ४२००७२८
फ्याक्स: ४२००७४९
पो.ब.नं.: २०४३८
Email: admin@supremecourt.gov.np
Website: www.supremecourt.gov.np

पत्र संख्या
प्राप्त पत्र संख्या र मिति :
च.नं.: १५५१

सर्वोच्च अदालत काठमाडौं

| | | |
|---|---|---|
| २६ | सँगै दायर भएको देवानी र दुनियावादी फौजदारी मुद्दामा गुज्रेको म्याद थाम्न नसकिने व्यवस्थामा एकरुपता हुनुपर्ने। | गुज्रेको म्याद थाम्ने व्यवस्थामा एकरुपता कायम गर्न संशोधनका लागि सुझाव दिएको। तत्काल ऐनमा भएको व्यवस्थाअनुसार गर्ने। |
| २७ | सुरु फैसलाउपरको पुनरावेदन म्यादको ढाँचा उल्लेख नभएको। | पुनरावेदन म्यादको ढाँचा संशोधनको लागि सुझाव दिइएको । संशोधन भई नआउँदासम्म साबिकबमोजिम गरिआएकोलाई नै निरन्तरता दिने। |
| २८ | अन्तरिम क्षतिपूर्ति लिएकोमा अभियुक्तले सफाइ पाएमा ३५ दिनभित्र त्यस्तो राहत रकम पीडित राहतकोषमा फिर्ता दिनुपर्ने व्यवस्थाले अन्यौलता सृजना गरेको। | यस सम्बन्धमा संशोधनका लागि सुझाव पठाइएको संशोधन भएर नआउँदासम्म कानूनबमोजिम गर्ने। |
| २९ | फौजदारी मुद्दामा रीतपूर्वक तामेल भएको म्यादमा हाजिर नहुने प्रतिवादीको नाउँको फैसलाको जनाउ पठाउनु पर्ने खर्च व्यवस्थापन कसले गर्ने। | यस सम्बन्धमा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १३२(३) ले स्पष्ट व्यवस्था गरेको हुँदा सोहीबमोजिम गर्ने । |
| ३० | फैसलाको प्रमाणीकरण मितिसम्म उल्लेख गर्ने की हस्ताक्षर गर्नुपर्ने के हो ? | देवानी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १९८(२) मा फैसला मिति उल्लेख गरी न्यायाधीशले हस्ताक्षर गरी प्रमाणीकरण गर्नपर्ने भनी स्पष्ट उल्लेख भएको। |
| ३१ | फैसला प्रमाणीकरण मिति उल्लेख गर्दा संयुक्त इजलासमा दुई जना मा.न्या. हुने भएकोले अघि पछि हुनसक्ने हुँदा कसको मितिलाई मान्ने भन्ने द्विविधा भएको। | पछिल्लो न्यायाधीशले सही गरेको मितिलाई प्रमाणीकरण गरेको मिति कायम गर्ने। |
| ३२ | इतलायनामा र समाह्वान दस्तुर बारे उल्लेख नभएको। साक्षीको नाममा जारी हुने म्यादको दस्तुर उल्लेख नभएको। | कानूनमा साक्षीका नाउँमा जारी हुने म्याद वा इतलायनामा र समाह्वान दस्तुर उल्लेख नभएको भए नलिने। कानूनबमोजिम गर्ने। |
| ३३ | मुलुकी देवानी कार्यविधि संहिताको दफा २३५(५) र सोसँग सम्बन्धित अनुसूची २४ मा १५ र २१ दिन परस्परमा बाझिएको। | २०७५ भाद्र ४ गते नेपाल राजपत्रमा प्रकाशित सूचनाबाट अनुसूची २४ मा रहेको २१ भन्ने शब्द संशोधन भई एकरुपता कायम भएको । |
| ३४ | राष्ट्रिय स्वामित्वको पत्रिकामा सूचना प्रकाशन | प्रत्येक सोमबार प्रकाशित हुने गरी गोरखापत्र दैनिक |

# सर्वोच्च अदालत

(आन्तरिक तथा जिल्ला प्रशासन शाखा)

रामशाहपथ, काठमाडौं
४२००७२९, ४२००७२८
फ्याक्स: ४२००७४९
पो.ब.नं.: २०४३८
Email: admin@supremecourt.gov.np
Website: www.supremecourt.gov.np

पत्र संख्या
प्राप्त पत्र संख्या र मिति :
च.नं.: १५२१

सर्वोच्च अदालत काठमाडौं

| | | |
|---|---|---|
| | गर्ने सम्बन्धमा सर्वोच्च अदालतबाट समन्वय हुनुपर्ने। | पत्रिका तोकिएको। |
| ३५ | जिल्ला अदालत नियमावली, २०५२ खारेज भएपछि म्याद तामेल हुन नसकेका सरकारवादी मुद्दाका प्रतिवादीको हकमा मुद्दा तामेलीमा राख्न सकिने व्यवस्था खारेजसमेत भएको छ। मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ६२ र ६३(१०) मा नियमित प्रक्रियाबाट तामेल हुन नसकेका समाह्वान तथा पक्राउपुर्जी नेपाल सरकारको स्वामित्वमा रहेको राष्ट्रियस्तरको कुनै समाचारपत्रमा म्याद प्रकाशन गरी तामेल गराउनु पर्ने व्यवस्था रहेको छ। देवानी कार्यविधि संहिता ऐनको दफा २८२ मा राष्ट्रिय स्तरको दैनिक पत्रिका प्रकाशन गर्ने उल्लेख गरेको छ। सर्वोच्च अदालतबाट त्यस्तो पत्रिका तत्काल तोकिनुपर्ने। | नेपाल सरकारको स्वामित्वमा रहेको राष्ट्रियस्तरको समाचारपत्र गोरखापत्र दैनिकमा प्रत्येक सोमबारको दिन प्रकाशन गर्ने व्यवस्था गरिएको। |
| ३६ | सूचना प्रविधिमा सुधार/ दैनिक पेसी सूची प्रकाशनका लागि नयाँ संहिताबमोजिम पेसीको प्राथमिकता निर्धारण। | जिल्ला अदालत नियमावली, २०७५ को नियम ४५ मा पेसीको प्राथमिकता तोकिएको । |
| ३७ | देवानी कार्यविधि संहिताको दफा १५७ र फौजदारी कार्यविधि संहिताको दफा ७३ मा भएको अन्तरकालीन आदेशउपरको निवेदन सुनुवाइमा एकरुपता नभएको। | देवानी कार्यविधि संहिताको दफा १५७ ले १५ दिनको हदम्याद तोकेको। देवानी कार्यविधि नियमावली, २०७५ को नियम २७ ले फछ्र्यौटको लागी १ महिना तोकेको। फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ८८ मा १ महिना समयसीमा तोकिएको। छुट्टाछुट्टै कानूनले व्यवस्था गरेको विषयमा सोहीबमोजिम नै गर्ने। |
| ३८ | मिलापत्र वा मुद्दा फिर्ता लिन आएकोमा तारेख अगाडि सार्न नमिल्ने। तोकिएको तारेख | जिल्ला अदालत नियमावली, २०७५ नियम ४४ बमोजिम मिलापत्र वा मुद्दा फिर्ता लिने सम्बन्धी मुद्दा |

E:\.sudha admin\Letters\paripatra.doc

श्री
# सर्वोच्च अदालत
(आन्तरिक तथा जिल्ला प्रशासन शाखा)

रामशाहपथ, काठमाडौं
☎ ४२००७२९, ४२००७२८
फ्याक्स: ४२००७४९
पो.ब.नं.: २०४३८
Email: admin@supremecourt.gov.np
Website: www.supremecourt.gov.np

पत्र संख्या
प्राप्त पत्र संख्या र मिति :
च.नं.: १५२१

सर्वोच्च अदालत काठमाडौं

| | | |
|---|---|---|
| | पर्खनुपर्ने। | साप्ताहिक पेसीमा चढाउन नपर्ने व्यवस्था गरेको । दुवै पक्षको मन्जुरी भएमा तारेख अगाडि सारेर भए पनि मिलापत्र गर्न सकिने। |
| ३९ | देवानी मुद्दामा मिलापत्र गर्दा तीन प्रति तयार गर्नुपर्ने व्यवस्था गरिएको तर मुलुकी फौजदारी कार्यविधि संहितामा सो सम्बन्धमा उल्लेख नभएकोले द्विविधा परेको। | मुलुकी फौजदारी कार्यविधि नियमावली २०७५ को नियम ६६(१) ले यस सम्बन्धमा स्पष्ट व्यवस्था गरेको। |
| ४० | मिलापत्र गर्दा जरिवाना छुट हुने नहुने उचित निकासा हुनुपर्ने। | फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १२०(५) बमोजिम दुनियावादी फौजदारी मुद्दामा मिलापत्र गर्दा जरिवाना छुट दिन सकिने। |
| ४१ | फौजदारी कार्यविधि संहिताको दफा १३१ को उपदफा (६) मा १ महिनाभित्र र देवानी कार्यविधि संहिताको दफा १९८ मा २१ कार्यदिनभित्र फैसला तयार गर्नुपर्ने व्यवस्था रहेको छ एकरुपता नहुँदा द्विविधा भएको। | संशोधनका लागि सुझाव दिइएको। हाल कानूनमा उल्लेख भएबमोजिम गर्ने। |
| ४२ | देवानी मुद्दामा मुद्दा दोहोऱ्याई हेर्ने प्रावधान रहेको तर मुलुकी फौजदारी कार्यविधि संहितामा मुद्दा दोहोऱ्याई हेर्ने व्यवस्था नरहेको हुँदा दो.पा निवेदन दर्ता गर्ने नगर्ने सम्बन्धमा द्विविधा सृजना भएको। दुनियावादी फौजदारी मुद्दाको दो.पा. निवेदन सर्वोच्च अदालतमा पठाउने गरिएको र सरकारवादी फौजदारी मुद्दाको निवेदन दर्ता गर्ने नगरिएको। | न्याय प्रशासन ऐन, २०७३ दफा १२ मा मुद्दा दोहोऱ्याई पाउने सम्बन्धमा उल्लेख भएकाले सोहीबमोजिम गर्ने। |
| ४३ | साबिक मुलुकी ऐनबमोजिम जारी भएको म्यादमा हाजिर हुने प्रतिउत्तरकर्ताले प्रतिदाबी लिन पाउने/नपाउने? | केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(क) बमोजिम हुने। |
| ४४ | देवानी मुद्दामा रीतपूर्वकको म्याद तामेल भई अनुपस्थित प्रतिवादीको पुनरावेदन नलाग्ने व्यवस्था देवानी कार्यविधि संहिताको दफा | कानूनबमोजिम गर्ने |

रामशाहपथ, काठमाडौं
४२००७२९, ४२००७२८
फ्याक्स: ४२००७४९
पो.ब.नं.: २०४३८

Email: admin@supremecourt.gov.np
Website: www.supremecourt.gov.np

पत्र संख्या
प्राप्त पत्र संख्या र मिति :
च.नं.: १५२१

सर्वोच्च अदालत काठमाडौं

| | | |
|---|---|---|
| | २०६ मा रहेको तर फौजदारी कार्यविधि संहितामा सो सम्बन्धमा व्यवस्था नरहेको देखिदा सोतर्फ विचार गरिनुपर्ने। | |
| ४५ | क्षेत्राधिकार बाहिरको देवानी मुद्दा खारेज हुने तर फौजदारी मुद्दा क्षेत्राधिकार भएको अदालतमा पठाइदिने व्यवस्थाले अन्यौलता सृजना गरेको। | कानूनमा व्यवस्था भएबमोजिम गर्ने। |
| ४६ | वादी प्रतिवादीको वतन बेजिल्लाको देखाई क्षेत्राधिकारको अभाव रहेको अवस्थामा वा दुवै पक्षको बसाई सराई भएको भनी निवेदन दिए सम्बन्धित जिल्लामा पठाउन मिल्ने नमिल्ने ? | यसमा फौजदारी कार्यविधि संहिता ऐन, २०७४ को दफा ५१(१) र देवानी कार्यविधि संहिता ऐन, २०७४ को दफा १३२ बमोजिम गर्ने। अन्य कानूनबमोजिम गर्ने। |
| ४७ | देवानी संहिताको परिच्छेद १ को दफा ३२, ३४ र नेपाल नागरिकता ऐन २०६३ ले नागरिकता प्रदान गरेको अवस्थामा अर्धसक्षम र सक्षमबीच द्विविधा सृजना हुने। | नागरिकता पाउने आधार र सक्षमता, असक्षमता फरक फरक विषय भएकोले कानूनबमोजिम हुने। |
| ४८ | मृत्युको न्यायिक घोषणा भएको व्यक्ति जीवित फर्की आएमा फौजदारी दायित्व बाँकी रहेछ भने बेहोर्न नपर्ने देखियो। मृत्युको न्यायिक घोषणा भएको फौजदारी दायित्व उन्मुक्ति नहुने व्यवस्था प्रतिबन्धात्मक वाक्यांशमा थप्न आवश्यक। | मृत्युको न्यायिक घोषणा भएको व्यक्ति जीवित फर्की आएमा फौजदारी दायित्व कट्टा गरिएको भएपनि पुन: कायम हुने, लगत मिनाहा नहुने। |
| ४९ | मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७(२) कैदको सजाय हुने मुद्दामा अभियुक्तले अदालत समक्ष अभियोग स्वीकार गरेमा पुर्पक्षको लागि थुनामा राख्न सक्नेछ भन्ने व्यवस्थाले गर्दा सवारी मुद्दामा अभियोग स्वीकार गरेमा थुनामा राख्ने गरिएको। गुनासो बढेको । | कानूनमा भएको व्यवस्था पालना गर्ने। |
| ५० | ३ वर्षभन्दा कम कैद लागेको मुद्दामा जिल्ला | फौजदारी कार्यविधि संहिताको दफा १३७ बमोजिम |

श्री

# सर्वोच्च अदालत

(आन्तरिक तथा जिल्ला प्रशासन शाखा)

सर्वोच्च अदालत काठमाडौं

पत्र संख्या

प्राप्त पत्र संख्या र मिति :

च.नं.: १५२१

(१०)

रामशाहपथ, काठमाडौं
४२००७२९, ४२००७२८
फ्याक्स: ४२००७४९
पो.ब.नं.: २०४३८
Email: admin@supremecourt.gov.np
Website: www.supremecourt.gov.np

| | | |
|---|---|---|
| | अदालतले धरौटी राखी पुनरावेदन गर्न अनुमति दिन मिल्ने नमिल्ने ? | हुने। |
| ५१ | साबिक मुलुकी ऐन अ.बं. १९४ को व्यवस्था स्पष्ट रहेको । हाल फौजदारी कार्यविधि संहिताको दफा १३७ बमोजिम कैदको हकमा दिन १ को रु ३०० का दरले हुने रकम यकिन गरी जिल्ला अदालतबाट माग भएको धरौटी रकममा थप गर्न सकिने हो होइन ? | कैदको हकमा दिन १ को रु ३००।- को दरले रकम यकिन गरी कानूनबमोजिम गर्न सकिने। |
| ५२ | २०७५।०५।०१ गतेभन्दा अगाडि भएका फैसला वा पूरानो कार्यविधिबमोजिम हुने फैसलामा जरिवानाबापत रकम कट्टा गर्दा वा फैसलाबमोजिम बिगोको कैद हिसाब गर्दा पुरानो वा नयाँ कुन कानून प्रयोग गर्ने। | नयाँ कानूनबमोजिम गर्ने। |
| ५३ | गोवध मुद्दाको हकमा कैदीले निवेदन दिने हो वा अदालत स्वयंले चासो देखाउनु पर्ने हो? | यस सम्बन्धमा सर्वोच्च अदालतबाट मिति २०७५।६।११ मा परिपत्र भैसकेको। |
| ५४ | २०७५।५।१ पछि पुनरावेदन तहमा दर्ता हुने मुद्दामा कुन कार्यविधि प्रयोग गर्ने द्विविधा उत्पन्न भएको छ। | कार्यविधि संहिताहरुमा उल्लिखित कार्यविधि अवलम्बन गर्नु पर्ने। |

२०७५।८।२५

गोबिन्दप्रसाद घिमिरे

शाखा अधिकृत